नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

श्रावण/भाद्र २०७३ (August 2016) वर्ष २०/अङ्क २३३

## खीष्टमा पूर्ण जीवन

– एल्डर सिमोन पाठक

कति मानिसहरू मेरो जीवन अधूरो छ, अपूरो छ, अर्थहिन छ भन्ने विचार गर्छन् । यो सोचले गर्दा कतिको जीवन, निराश, हतास, आशाविहीन हुन पुगेको छ तर परमेश्वरको वचनले बताउँदछ, खीष्टमा हामीले पूर्ण जीवन पाएका छौं । कसरी हामीले खीष्टमा पूर्ण जीवन पाएका छौं ? कलस्सी २:९-१५ पदअनुसार खीष्टमा हामी पूर्ण भएका छौं भन्ने कुराको तीनवटा आधारहरू पाउन सक्छौं ।

**पहिलो आधार हो: आत्मिकी खतनाद्वारा हामीले खीष्टमा पूर्ण जीवन पाएका छौं (११ पद)**

खतना भनेको शरीरको कुनै अंगलाई काटेर फाल्ने काम हो । खतनाको नियम व्यवस्था आउनुभन्दा धेरै समय अघि नै परमेश्वरले अब्राहामलाई ९९ वर्षको उमेर हुँदा खतनाको करार दिनुभएको थियो (उत्पत्ति १७:९-१४) । अनि यहूदीहरूले यो परम्परालाई निरन्तरता दिँदै आएका थिए । यो एउटा विश्वासमा गरिँदै आएको धार्मिक विधि थियो । यो धार्मिक विधिले सांकेतिक रूपमा दुईवटा कुराहरूलाई दर्शाउँथ्यो । पहिलोचाहिँ हो खतना गर्ने मानिस र उसको परिवारले परमेश्वरमा विश्वास गरिसकेको कुरालाई बुझाउँथ्यो । जब मानिसले परमेश्वरमा भरोसा गर्दछ, तब उसले परमेश्वरमा विश्वास गरेको छु भनी साक्षीको रूपमा देखाउने चिन्ह थियो । खतनाद्वारा यो कुरालाई घोषणा गरिराखेको हुन्थ्यो कि म र मेरो परिवारले परमेश्वरलाई पछ्याएका छौं । हामी उहाँलाई पछ्याइरहने छौं । दोस्रोचाहिँ हो: खतनाले शरीरमा भएको पाप स्वभावलाई काटेर फालिदिएको कुरालाई पनि संकेत गर्दथ्यो । शरीरको अंगलाई काटेर फाल्ने कुराले सम्पूर्ण पाप स्वभाव वा पापको थैलीलाई काटेर फालिएको छ भन्ने कुरालाई चित्रण गर्थ्यो ।

येशू खीष्टले मानव जातिको पापको निम्ति क्रूसमा प्रायश्चित गर्नु अघिसम्म मानिसले परमेश्वरलाई पछ्याउन यो विधि पालना गर्नुपर्थ्यो तर खीष्टको क्रूसको बलिदान र पुनरूत्थानपछि यो विधिको आवश्यकता छैन ।

येशूलाई ग्रहण गरेको दिन हामीहरू आत्मिक तवरले खतना भयौं । परमेश्वरले अब्राहामलाई दिनुभएको खतनाको कार्य गर्न हातको प्रयोग गर्नुपर्थ्यो, हतियार चलाउनुपर्थ्यो तर आज हामी हातहतियार नचलाइकन खतना भएका छौं । खीष्टलाई ग्रहण गरेको दिन हामीमा भएको पापको थैली काटेर फालिदियौं । खीष्टमा हामी धर्मी ठहरिएका छौं । हामी आत्मिक तवरले खतना गरिएका मानिसहरू हौं । आत्मिक खतनाद्वारा खीष्टमा हामी पूर्ण भएका छौं ।

**दोस्रो आधार हो: पुनरूत्थानको जीवनद्वारा हामीले खीष्टमा पूर्ण जीवन पाएका छौं (कलस्सी २:१२-१३)**

कलस्सी २:१२ पदमा उल्लेख गरिएको बप्तिस्माको विषयमा ईश्वरशास्त्रीहरूको मतभेद छ । जुनसुकै बप्तिस्मा भएतापनि बप्तिस्माको अर्थचाहिँ एउटै नै हो । जब कुनै व्यक्तिले खीष्टलाई ग्रहण गर्दछ त्यही दिन ऊ खीष्टसँगै क्रूसमा टाँगिन्छ । खीष्टको मृत्युमा ऊ सहभागी भएको हुन्छ । पुरानो स्वभावको निम्ति ऊ मारिन्छ अनि गाडिन्छ । खीष्ट मारिनुभयो, गाडिनुभयो । उहाँलाई ग्रहण गरेका दिन हामी पनि उहाँसँग मारियौं अनि चिहानमा गाडियौं। खीष्टसँग मारिनु, गाडिनु र पुनरूत्थानको जीवन पाउनुको पूर्ण चित्र पानीको बप्तिस्मामा देख्न सक्छौं । जब कुनै व्यक्तिले खीष्टलाई ग्रहण गर्दछ त्यही दिन उसले पुनरूत्थानको जीवन पनि प्राप्त गर्दछ । खीष्ट मृत्युबाट जीवित हुनुभयो अनि उहाँलाई ग्रहण गर्नेहरू सबैले उहाँसँग पुनरूत्थानको जीवन प्राप्त गर्दछन् । त्यसकारण पानीको बप्तिस्मा नलिनु भएकाहरूलाई मैले त पानीको बप्तिस्मा लिएको छैन जे गरेपनि हुन्छ भन्ने छुट छैन किनकि खीष्टमा तपाईंहरूले पुनरूत्थानको जीवन पाइसक्नुभएको छ । खीष्टमा विश्वास गर्ने मानिसले आफ्नो हृदयभित्र भएको विश्वासलाई बाहिर प्रकटीकरण गर्ने माध्यम पानीको बप्तिस्मा हो ।

खीष्टमा विश्वास गर्ने व्यक्तिलाई जब पिता, पुत्र र पवित्र आत्माको नाउँमा पानीको बप्तिस्मा दिइन्छ, यसको अर्थचाहिँ हो ऊ खीष्टसँगै पुरानो जीवनको निम्ति मारियो, खीष्टसँगै गाडियो। खीष्टको मृत्युमा ऊ सहभागी भयो । बप्तिस्मा लिनु खीष्टसँग एक हुनु हो । जब पानीबाट बाहिर निस्कन्छ, यसको अर्थ हो ऊ खीष्टको पुनरूत्थानमा सहभागी भयो । खीष्ट जसरी मृत्युपछि जीवित हुनुभयो, त्यसरी नै ऊ पनि खीष्टसँग नयाँ जीवनमा सहभागी भयो । अब उसले जिउने जीवनचाहिँ पुनरूत्थानको जीवन हो । नयाँ जीवन हो । खीष्टमा हुनेहरूले पुरानो जीवन अब जिउँदैनन् । उनीहरूको आनी, बानी, बोलीचाली, चालचलन, व्यवहार, चरित्र सबैमा परिवर्तन हुन्छ । एकैचोटि सिद्धता नदेखिएला तर दिनदिन नयाँ जीवनको ढाँचामा बनिँदै जान्छन् ।

हामी जति जनाले पानीको बप्तिस्मा लिइसकेका छौं के हामी खीष्टमा पुनरूत्थानको जीवन जिउँदैछौं ? पानीको बप्तिस्मा हृदयभित्र भएको परिवर्तनको बाहिरी प्रकटीकरण हो । पानीको बप्तिस्मा लिएको दिन जुन अठोट गरेर बप्तिस्मा लिएका थियौं, त्यहीअनुसार जीवन जिउँदै छौं के ? कति मानिसहरू पानीको बप्तिस्मा लिनुभन्दा अघि नियमित मण्डलीमा आउने, संगतिहरूमा जाने गर्दछन् । अनि बप्तिस्मा र समर्पणपछि बिस्तारै सेलाउँदै जान्छन् । कता-कता मानिसहरूले बप्तिस्माको अर्थ नबुझेर आफ्नो स्वार्थको लागि

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| **श्रावण २९** August 13 | पा. रोबर्ट कार्थक<br>पा. अशोक मुखिया | श्री<br>सरुष मान तामाङ्ग | एल्डर<br>जेम्स राई | एल्डर<br>छचोगेन रोंगोंग | एल्डर<br>रूबेन श्रेष्ठ | डीकन<br>रूद्र राई | एल्डर<br>सिमोन खालिङ |
| **भाद्र ४** August 20 | पाष्टर<br>सामुएल कार्थक | एल्डर<br>मान बहादुर मगर | डीकन<br>बागमान तामाङ्ग | एल्डर<br>दिल थापा | डीकन<br>सिमोन भण्डारी | श्री<br>स्टिफन राई | एल्डर<br>घन श्याम दाहाल |
| **भाद्र ११** August 27 | श्री<br>लेख नाथ पौडेल | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>अर्जुन ढकाल | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>श्रीलक्ष्मी सैंजु | श्री<br>सैदिप तामाङ्ग | एल्डर<br>ग्रेस खालिङ |
| **भाद्र १८** September 3 | पा. सामुएल कार्थक<br>पा. रोबर्ट कार्थक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर<br>राजेन्द्र रोंगोंग | श्री<br>गंगा श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग<br>पाष्टर दफ्तन सादा | एल्डर<br>शरण राई |

बप्तिस्मा लिएको जस्तो देखिन्छ । त्यस्ता मानिसहरूले आफैले आफैलाई ठगिराखेका हुन्छन् । पुनरूत्थानमा पाइने आत्मिक आशिष्हरूबाट आफैले आफैलाई बञ्चित गराइराखेका हुन्छन् ।

**तेस्रो आधार हो: स्वतन्त्रताद्वारा हामीले खीष्टमा पूर्ण जीवन पाएका छौं (कलस्सी २:१४-१५) ।**

खीष्टमा हामीले पाएको स्वतन्त्रतालाई बुझाउनको निम्ति तमसुकको उदाहरण दिइएको छ । तमसुक भनेको ऋण लिएको हुँ भनेर लिखित रूपमा सही छाप गरेर लेखिएको कागज हो । ऋण लिने मानिसले सबै ऋण नतिरेसम्म यो कागज च्यातिँदैन । ऊ ऋणको बन्धनमा बाँधिएको हुन्छ । उसले भनेको समयमा तिर्न सकेन भने उसको घरमा भएको सम्पत्ति पनि जफत हुन सक्छ । त्यो जमानामा लिएको ऋण तिर्न सकेन भने साहुको कमारो बन्नुपर्थ्यो । नेपालमा कमैया प्रथा अन्त्य भएको १६ वर्ष हुँदैछ । यो प्रथाको शुरूवातलाई हेर्ने हो भने मानिसले साहुबाट ऋण लियो, तिर्न सकेन अनि अन्त्यमा साहु महाजनको कमारा बन्नपुगेको पाइन्छ । ऋण लिन जान्ने तर तिर्न नजान्ने मानिस कमारो बन्न पुग्छ ।

परमेश्वरको कानूनमा पाप गर्ने मानिस पापको कमारो हुन्छ । पापको दण्ड मृत्यु हो । हामीले जन्मेदेखि गर्दै आएका पापको हिसाब राख्दै आएको भए अहिले सम्ममा त्यो किताब कत्रो हुन्थ्यो होला । किताबको बाहिरी भागमा पाप गर्ने व्यक्तिको नाउँ छ, अनि त्यो किताबको शीर्षक छ, पापको किताब । अब त्यो पाप मेटाउनलाई कति धर्मकर्म गर्ने, कति दान गर्ने, कति दिन व्रत बस्ने, कति असल कामहरू गर्ने ? मानिसले जति नै धर्मकर्म गरे पनि, जति नै असल कामहरू गरे पनि पापको ऋण तिर्न सक्दैन । पापको तमसुक कहिल्यै पनि च्यातिँदैन किनकि मानिसले पापको ऋण तिर्न नै सक्दैन । त्यही कारण खीष्ट क्रूसमा बलि हुनुभयो । पाप र शैतानको शक्तिमाथि विजयी हुनुभयो । जुन दिन मानिसले पापको स्वीकार गरेर, खीष्ट क्रूसमा मारिनुभयो, गाडिनुभयो र तेस्रो दिनमा पुनरूत्थान हुनुभयो भनी मुखले स्वीकार गर्छ अनि हृदयले विश्वास गर्छ त्यही दिन नै उसको पापको तमसुक च्यातियो । रद्द गरियो । ऊ पाप र अन्धकारको शक्तिबाट स्वतन्त्र भयो ।

पावल लेख्छन्, "ए मृत्यु तेरो खील कहाँ ?" अब मृत्युको खील छैन । पापको दण्ड भोग्न मानिस नरकमा जानु पर्दैन । खीष्टमा भएकाहरूलाई दण्डको आज्ञा छैन । जुन मौरीले मानिसलाई टोकिसकेको हुन्छ त्यसले तुरून्तै फेरि अर्कोलाई टोक्न खोज्दा उसको खील हुँदैन किनकि उसको खील पहिलो मानिसमै गाडिसकेको छ । प्रभु येशू खीष्टले पापको खील, मृत्युको खील लिइसक्नुभएको छ। हामी पाप र मृत्युबाट स्वतन्त्र भइसकेका छौं ।

कति मानिसहरूले आफैलाई मेरो जीवन अधूरो छ, अपूरो छ, आशाविहीन छ भन्ने विचार गर्छन् । तर खीष्टमा विश्वास गर्नेहरू उहाँमा पूर्ण भएका छन् । खीष्टमा पुनरूत्थान र स्वतन्त्रताको जीवन छ । अब हामी कसमा जीवन बिताउने ? खीष्टमा कि संसारमा देखिने थोकहरूमा ?

## जानकारी

**समर्पण:** आषाढ महिनामा ११ जना विश्वासीहरूले नेइम गोंगबूँ चर्चमा समर्पण गर्नुभयो ।

आषाढ २५ गते/जुलाई ९ तारिख शनिबार २० जना विश्वासीहरूले नेइम सिर्जनानगर चर्चमा समर्पण गर्नुभयो ।



कालोपुल बस्नुहुने नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **सबुत गिरी** ३७ वर्षका उमेरमा श्रावण ११ गते /जुलाई २६ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।



जोरपाटी बस्नुहुने नेइम जोरपाटी चर्चकी सदस्य श्रीमती सञ्च माया तामाङ्ग ५३ वर्षको उमेरमा श्रावण १ गते/जुलाई १६ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।



चितवन बस्नुहुने नेइम गोंगबूँ चर्चकी सदस्य श्रीमती **सुभद्रा ढुङ्गेल** १०४ वर्षको उमेरमा श्रावण १३ गते/जुलाई २८ तारिख बिहीबार प्रभुमा सुत्नुभयो ।

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मिति | जोरपाटी | जहरसिंह पौवा | गाम्छा | सुन्दरीजल | साँखु | गोंगबूँ | धापासी | रानीपौवा |
| श्रावण २९<br>August 13 | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>जमान घ्लान | श्री<br>राज गुरूङ्ग | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>सागर थापा | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | श्री<br>राजु तामाङ्ग |
| भाद्र ४<br>August 20 | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | पाष्टर<br>बर्णबास श्रेष्ठ | डीकन<br>जिल्बर्ट मिशो | श्री<br>सुरेन्द्र सापकोटा |
| भाद्र ११<br>August 27 | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>जमान घ्लान | श्री<br>राज गुरूङ्ग | एल्डर<br>गोपी राई | एल्डर<br>सागर थापा | एल्डर<br>पिटर लिम्बू | डीकनेस्<br>नविना लिम्बू | श्री<br>राजु तामाङ्ग |
| भाद्र १८<br>September 3 | पाष्टर<br>प्रेम श्रेष्ठ | एल्डर<br>जमान घ्लान | श्री<br>राज गुरूङ्ग | एल्डर<br>गोपी राई | एल्डर<br>सागर थापा | पाष्टर<br>बर्णबास श्रेष्ठ | श्री<br>प्रशान्त सिंह | संयुक्त सेवा<br>गोंगबूँ चर्च |

# हार्दिक बधाई



आषाढ १९ गते/जुलाई ३ तारिख आइतबार नेइम गुरुजुधारा चर्चको सदस्य सुश्री **शर्मिला गिरी** र होलिनेशन अनन्त जीवित मण्डलीको पाष्टर श्री **जितेन्द्र घिमिरे**को नेइम गुरुजुधारा चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **जितेन्द्र र शर्मिला घिमिरे**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आषाढ २६/जुलाई १० तारिख आइतबार नेइम गुरुजुधारा चर्चकी सदस्य सुश्री **सारा के.सी.** र आशिष् मण्डलीको सदस्य श्री **भिमसेन सिजापति**को नेइम गुरुजुधारा चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **भिमसेन** र **सारा सिजापति**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आषाढ २६/जुलाई १० तारिख आइतबार नेइम गोंगबूँ चर्चको सदस्यहरू श्री **सुरज गुरूङ्ग** र सुश्री **मिङ्गमा शेर्पा** नेइम गोंगबूँ चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सुरज र मिङ्गमा गुरूङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आषाढ ३०/जुलाई १४ तारिख बिहीबार नेइम गोंगबूँ चर्चको सदस्य श्री **नवराज वाग्ले** र क्वाइनोनियाँ वानेश्वर चर्च, तिनकुनेकी सदस्य सुश्री **यमुना अधिकारी**को क्वाइनोनियाँ वानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **नवराज** र **यमुना वाग्ले**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



आषाढ २६/जुलाई १० तारिख आइतबार नेइम गोंगबूँ चर्चको सदस्यहरू श्री **युवराज गुरूङ्ग** र सुश्री **सस्मिना लामा**को नेइम गोंगबूँ चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **युवराज र सस्मिना गुरूङ्ग**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## अगष्ट महिनाको कार्यक्रम

भाद्र १ गते/अगष्ट १७ तारिख बुधबार **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा ।

भाद्र ४ गते/अगष्ट २० तारिख शनिबार दिउँसो २:०० बजे **नेइम संयुक्त जवान संगति** नेइम ज्ञानेश्वर मण्डलीमा ।

# विषेश प्रार्थना

१. देशको उच्च ओहोदामा रहेका सरकार प्रमुखहरू, सबै राजनैतिक पार्टीहरूको लागि प्रार्थना गरिदिऔं ।

२. वर्षायामको समयमा विभिन्न ठाउँहरूमा बाढी पहिरोको कारण संकष्टमा परेकाहरूको लागि समयमा नै राहत मिल्न सकून साथै बाढी पहिरोको कारण महामारी नफैलिएको होस् भनी प्रार्थना गरिदिऔं ।

३. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दुःख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

४. नेपालको मण्डलीहरू र खीष्टियन संघ संस्थाहरूको लागि प्रार्थना गरिदिऔं ।

५. चाड पर्वको समयमा पानीको बप्तिस्मा लिनुभएकाहरू, प्रभुलाई ग्रहण गर्नुभएकाहरू साथै अधुरा परिवारमा हुनुभएका विश्वासीहरू सबै अप्ठचारो परिस्थितिमा स्थिर रहन पवित्र आत्माको सहायता मागिदिऔं ।

६. देशको वर्तमान परिस्थितिको कारण कोही पनि निरास हताश नभई परमेश्वरमा पूर्ण भरोसा राखी देशको निम्ति प्रार्थना गर्नेहरू हुन सकून् ।

७. मिशनेरी भएर जानुभएकाहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २३ 7<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>२ कोरिन्थी २:१४-१७ | ३० 14<br>देशका सम्पूर्ण मण्डलीका सेवक/सेविका साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ५:११-१२, १२५:१-३ | ५ 21<br>विभिन्न देशमा रोजगार, अध्ययन र अन्य कामको लागि गएका नेपाली दाजुभाइ, दिदीबहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-५, २ पत्रुस ३:८-९ | १२ 28<br>नेपालमा भएका सम्पूर्ण विश्वासीहरू सुसमाचार सुनाउनुको साथै जीवनको असल साक्षीद्वारा गवाही दिनेहरू पनि बन्न सकून् ।<br>एफिसी ४:१७-३२ |
| **सोमबार**<br>Monday | २४ 8<br>व्यक्तिगत, पारिवारिक र सामूहिक रूपमा चढाइने प्रार्थना गर्नको लागि परमश्वरको इच्छाअनुसार प्रार्थना गर्न पवित्र आत्माको अगुवाइ मागौं ।<br>मत्ती ६:८-१०, यूहन्ना १६:१३, | ३१ 15<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरको आदर गर्ने, भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १४५:१७-२० | ६ 22<br>वैवाहिक जीवनमा बाँधिनुभएका सबै दम्पत्तिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>मत्ती ५:१६,१९:४-६ | १३ 29<br>मण्डलीका सबै विश्वासीहरू आफै पनि वचनमा पाको हुँदै जानुको साथै एकअर्कालाई पनि वचनमा हुर्काउनेहरू हुन सकौं ।<br>भजनसंग्रह १:१-३, यशैया ३७:३१ |
| **मंगलबार**<br>Tuesday | २५ 9<br>मंगलबार हुने आत्मिकी तथा चंगाई सेवाद्वारा मण्डलीमा जागृति, चंगाई, छुट्कारा आत्माको नविकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं ।<br>यशैया ३५:३-७, १ कोरिन्थी २:९ | ३२ 16<br>मण्डलीका विश्वासीहरूको जीवनमा आइपर्ने दु:ख, कष्ट, सतावट तथा समस्याहरूमा स्थिर रहनको साथै समाधानको लागि प्रार्थना गरौं ।<br>भजनसंग्रह ४६:१-११ | ७ 23<br>प्रतिज्ञा गरिएको आशिषहरू प्राप्त गरी जिउनको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-९, २ कोरिन्थी १:२० | १४ 30<br>मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिंड्नको लागि पवित्र आत्माको अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह १४३:१० |
| **बुधबार**<br>Wednesday | २६ 10<br>मण्डलीअन्तर्गतका सबै घरेलु संगतिहरूमा सिकेका कुराहरूमा व्यावहारिक हुँदै जान सकौं ।<br>कलस्सी ३:१६-१७ | १ भाद्र 17<br>चाड पर्वको समयमा अधुरो घर परिवारमा हुनुभएकाहरू स्थिर रहन सकून् भनी प्रार्थना गरिदिऔं ।<br>हिब्रू ४:१४-१६ | ८ 24<br>दु:ख-कष्ट, अभाव-घटी, पारिवारिक समस्या साथै विभिन्न कारणले थाकेका-हरूको लागि प्रार्थना गरिदिऔं ।<br>यशैया ४०:२७-३१ | १५ 31<br>परमेश्वरको महिमाको लागि सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपूरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याएकाहरू भएर जिउन सकौं ।<br>गलाती ५:१६,२५, एफिसी ५:१८ |
| **बिहीबार**<br>Thursday | २७ 11<br>नेपालका सम्पूर्ण मण्डलीका विश्वासीहरू देशको वर्तमान परिस्थितिको कारण विचलित नभई प्रभुमा, वचन र प्रार्थनामा स्थिर रहन सकून् ।<br>भजनसंग्रह १२१:१-८, यशैया २६:३-४ | २ 18<br>मण्डलीका विश्वासीहरू चारैतिर घटिरहेका अशान्ति, निरासका कुरातिर मात्र ध्यान दिई विचलित हुने होइन तर प्रभुको वचनमा रही स्थिर रहन सकून् ।<br>मत्ती २४:४-१४, २३-२५, ४२ | ९ 25<br>पूर्व मेचीदेखि पश्चिम महाकाली, उत्तरी हिमालदेखि दक्षिण तराईसम्मका सम्पूर्ण मण्डलीका अगुवा साथै मण्डली परिवारको लागि प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह २०:१-७ | १६ September 1<br>मण्डलीका सबै जवानहरू धार्मिकता, विश्वास, प्रेम र शान्तिको पछि लाग्नेहरू भई संसारमा असल साक्षी भई जिउन सकून् ।<br>२ तिमोथी २:१-२२ |
| **शुक्रबार**<br>Friday | २८ 12<br>हामी विश्वासीहरू परमेश्वरको वचन पढ्ने, सुन्ने साथै मनन गर्नेहरू भई त्यसअनुसार पालन गर्दै जानेहरू हुन सकौं ।<br>यहोशू १:८, याकूब १:२२-२५ | ३ 19<br>आराधना सेवाहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि साथै मण्डली परिवारको लागि प्रार्थना गरौं ।<br>यशैया ५५:१-३, १०-११ | १० 26<br>प्रत्येक शनिबार मण्डलीमा आउनुहुने ख्रीष्ट प्रभुलाई विश्वास नगर्नुभएका सबैले ख्रीष्ट प्रभुले दिनुहुने पाप-क्षमा र सितैंको मुक्ति विश्वासद्वारा ग्रहण गर्न सकून् ।<br>यशैया ४५:१८-२२, ५५:१-३ | १७ 2<br>आराधना सेवामा आउने हामी परमेश्वरका छोराछोरीहरू सधैं प्रभुको उपस्थितिको चाहना लिएर आउन सकौं ताकि हामी प्रभुमा बढ्दै जान सकौं ।<br>उपदेशक ५:१-६, २ कोरिन्थी ३:१७-१८ |
| **शनिबार**<br>Saturday | २९ 13<br>आज हुने देशभरिका आराधना सेवाहरूद्वारा एक मात्र जीवित परमेश्वरलाई महिमा भएकोहोस् ।<br>भजनसंग्रह ४७:१-९ | ४ 20<br>परमेश्वरले हामीप्रति गर्नुभएका महान प्रेम, अनुग्रह, दया र कृपाको लागि धन्यवाद प्रशंसा चढाऔं ।<br>भजनसंग्रह १०५:१-१५ | ११ 27<br>सेवा संगतिको महत्त्व बुझी आफै पनि साथै अरूहरूलाई पनि सेवा संगतिमा साथै आराधना सेवामा जानको लागि उत्साह दिनेहरू हुन सकौं ।<br>हिब्रू १०:२४-२५ | १८ 3<br>परमेश्वरले देखाउनुभएको योजना पूरा गर्दै जानको लागि पवित्र आत्माको अगुवाइ र उपस्थिति मण्डलीसँग सधैं भइरहून् ।<br>प्रस्थान ३३:१३-१७ |

**"शान्त होओ, र म परमेश्वर हुँ भनी जान । जाति–जातिहरूमा म उचालिनेछु, पृथ्वीमा म उचालिनेछु ।" सर्वशक्तिमान् परमप्रभु हाम्रो साथमा हुनुहुन्छ, याकूबका परमेश्वर हाम्रो शरणस्थान हुनुहुन्छ ।**

**(भजनसंग्रह ४६:१०-११)**

 प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np, www.nimnepal.tv 